मितिः २०८० मंसिर २८ गते

समयः विहान ११:०० बजे

स्थानः सभाहल, कैलाश गाउँपालिका

आज मिति २०८० साल मंसिर २८ गते विहिबारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | |

**प्रस्तावहरुः**

१. छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

२. नदीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

३. सडक वोर्डसँग साझेदारीमा सञ्चालन तथा कार्यान्वयन गर्न योजना छनौट गर्ने सम्बन्धमा।

४. बस्ती विकास, सहरी योजना तथा भवन निर्मण सम्बन्धी मापदण्ड, २०८० को प्रस्तुतीकरण तथा स्वीकृति।

५. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णयहरु:

निर्णय नं. १ कैलाश गाउँपालिका स्थायी ठेगाना भएका वा स्थायी बसोवास गर्ने गरिव, जेहेन्दार, सीमान्तकृत, अल्पसंख्यक, प्राविधिक छोरी बुहारी, दलित तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत रुपमा व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट लक्षित वर्गसम्म पुर्याउने व्यवस्था गर्न वाञ्छनीय भएकोले छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २ कैलाश गाउँपालिका क्षेत्रभित्र पर्ने काली खोला, गोरङ्गदी खोला र मनहरी खोला बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, रोडा तथा बालुवाको दिगो रुपमा संकलन तथा उत्खनन् गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) घ (६) बमोजिम नदीजन्य पदार्थको विक्री तथा निकासी शुल्क संकलन गर्न परामर्शदाता श्री Software Hub Nepal Pvt. Ltd, ललितपुरबाट पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदन संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ (४) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३ सडक वोर्ड नेपालबाट गाउँपालिकाको साझेदारीमा योजना सञ्चालन तथा कार्यान्वयन गर्न रु २० लाख विनियोजन भएको हुँदा गाउँपालिकाले सो बजेटको २० प्रतिशत अर्थात रु ४ लाख रुपैया आन्तरिक स्रोतबाट विनियोजन गरी सानोडाँडाखर्क हुँदै कैलाश जोड्ने सडक योजना, कैलाश- २ कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ कैलाश गाउँपालिकको बस्ती विकास, सहरी योजना तथा भवन निर्मण सम्बन्धी मापदण्ड, २०८० उपर छलफल गरियो र सो प्रतिवेदनलाई परिमार्जन गरी अन्तिम प्रतिवेदन सम्बन्धित परामर्शदातालाई पेश गर्न लगाउने निर्णय गरियो।

**विविधि:**

क. ज्येष्ठ नागरिक (९० वर्ष र सो भन्दा माथि उमेर) का लागि जाडोयामलाई मध्यनजर गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीको रेकर्ड बमोजिम गाउँपालिकाले प्रति ज्येष्ठ नागरिक थान-१ ब्ल्याङ्केट र बट्टा-१ (१ के.जि.) को हर्लिक्स गरी ६५ जनाको लागि खरिद गरी व्यवस्थापन गरिएको हुँदा गाउँपालिकाको भैपरी आउने चालु शीर्षकमा विनियोजित बजेटबाट रु २ लाख ५० हजार भुक्तानी गर्ने निर्णय गरियो।

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कालिकाटार, मकवानपुर बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

ख. कैलाश गाउँपालिका वडा नं. ८ स्थित श्री धुवाङ् माध्यमिक विद्यालयमा अध्यापन गर्दै आउनु भएका निजी स्रोत शिक्षकलाई तलव भुक्तानी गर्न विद्यालयसँग अन्य आर्थिक स्रोत नभएकोले आवश्यक बजेट विनियोजन गरिदिन हुन भनी सम्बन्धित वडा कार्यालय, विद्यालय व्यवस्थापन समितिको निर्णय लगायतका कागजात पेश हुन आएकोले गाउँपालिकाको भैपरी आउने चालु शीर्षकबाट रु २ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो।

ग. यस गाउँपालिकाको वडा नं. ९ स्थित नामटार स्वास्थ्य चौकीको भवन निर्माण भैरहेको तर सो योजनाको लागि बजेट अभाव रहेको हुँदा जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरबाट प्राप्त हुन आउने बजेटबाट सो स्वास्थ्य संस्थाको भवन निर्माणमा खर्च गर्ने निर्णय गरियो।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner